## माथागढी गाउँपालिकाको कृषि यान्त्रिकरण अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना : कृषि पेशालाई मर्यादित, प्रतिस्पर्धात्मक एवम् व्यावसायिक बनाउन यान्त्रिकरणका माध्यमबाट कृषि आधुनिकरण गरी बाली अनुसारको उत्पादन देखी बाली भित्र्याउने सम्म र भण्डारण देखी बजारीकरणसम्म कृषकहरुको कृषि यन्त्र तथा उपकरणहरुमा पहुच बढाई कम उत्पादन लागतबाट उत्पादन र आयमा बृद्धि गराउनको लागि अनुदान दिई प्रोत्साहन गर्न बाञ्छनीय भएकोले

माथागढी गाउँपालिकाले गाउँ कार्यपालिकाले माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ को उपदफा १ बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यान्वयन कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "आपुर्तिकता" भन्नाले माथागढी गाउँपालिकाको कार्यालयमा सुचिकृत भई कृषि, पशुपन्छी तथा मत्स्य पालन सम्बन्धि यन्त्र उपकरण उपलब्ध गराउने विक्रेता सम्झनु पर्दछ ।

(ख) उपभोक्ता भन्नाले कृषि व्यावसाय गर्ने उद्देश्य लिई अनदानमा कृषि यन्त्र उपकरण लिन इच्छुक प्रचलित कानुन बमोजिम स्थापना भएको कृषि समूह/सहकारी/निजी उद्यमी/फर्म वा संस्थामा संलग्न व्यक्ति वा समुह सम्झनुपर्दछ ।

(ग) "कष्टम हायरिङ सेन्टर" भन्नाले यान्त्रिकरण प्रवर्द्धनका निम्ति सम्वन्धित कृषक समुह, सहकारीद्धारा सञ्चालित बाली वस्तुका लागि उत्पादन देखि पोष्ट हार्भेष्टसम्म आबश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सुविधा युक्त केन्द्र सम्झनु पर्दछ ।

(घ) "कृषि यन्त्र उपकरण" भन्नाले कृषि पशुपन्छी तथा मत्स्यसम्बन्धी उत्पादन, प्रशोधन, प्याकेजिङ, भण्डारण र ढुवानीमा प्रयोग हुने सबै प्रकारका यन्त्र उपकरणहरुलाई सम्झनुपर्दछ ।

(ङ) "कार्यालय" भन्नाले माथागढी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(च) "समिति" भन्नाले यसै कार्यविधिको दफा १२ बमोजिमलाई समितिलाई सम्झनुपर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

(छ) सेट भन्नाले इन्जिन, मोटर वा यसमा जडान गरी सञ्चालन गरिने एक वा सोभन्दा बढी यन्त्र उपकरणहरुको संयुक्त रुपलाई सम्झनुपर्दछ ।

३. **कार्यविधिको उद्देश्य :** अनुदानमा कृषि यन्त्र उपकरणहरु वितरण गरिने कार्यक्रम सञ्चालन प्रक्रियालाई पारदर्शी सरल र सहज बनाउने ।

४.**कार्यक्रम सञ्चालनको उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहायबमोजिमको हुनेछ ।

(क) कृषिमा यान्त्रिकरण गर्ने ।

(ख) कृषि उत्पादन लागत घटाई कृषि व्यावसायलाई नाफामुखी बनाउने ।

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने ।

(घ) कृषिलाई यान्त्रिकरण, आधुनिकरण, व्यावसायिकरण एव्म प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

५.**क्षेत्र तथा बाली बस्तु छनौट :** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली बस्तु छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) कार्यक्रम सञ्चालन हुने क्षेत्र : माथागढी गाउँपालिकाको ८ वटै वडाहरुमा ।

(ख) बाली तथा बस्तु छनौटका प्राथमिकताहरु : खाद्यान्न, तरकारी, मसला बाली, पुष्प, फलफुल, च्याउ, मौरी, पशुपन्छी, मत्स्य आदि ।

६. **प्रस्ताव माग गर्ने विधि :** (१) आपुर्तिकर्तासंग प्रस्ताव माग गर्दा देहायबमोजिम गर्नुपर्नेछ ।

(क) कार्यालयले कृषि यन्त्र उपकरणहरुको आपुर्ति गर्न ईच्छुक आपुर्तिकर्ताहरुबाट यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडेल, ब्रान्ड र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहिकृत गरी दररेट प्रस्ताब आह्वानको कूल बजेटको सीमा हेरी १५ (पन्ध्र) देखि ३० (तिस) दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसुची १ (क) बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा-१ खण्ड (क) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसुचि २ (क) बमोजिमका कागजातहरु, अनुसुचि-२ बमोजिमका आपुर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको विवरण र दररेट सहित निवेदन पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) वमोजिम प्राप्त प्रस्तावहरु दफा-१४ उपदफा (१) वमोजिम गठित मुल्याङ्कन समितिले तोकिएका आधारहरु तथा शर्तहरु अनुसार मुल्याङ्कन गरी उपयुक्त प्रस्तावदाता छनौट गरी आपुर्तिकर्ताको नाम र मुल्य सूचि गाउँपालिकाको वेबसाइटमा प्रकाशन गर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(२) कृषक समुह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुसंग प्रस्ताव माग गर्दा देहायबमोजिम गर्नु पर्ने छ ।

(क) कार्यालयको कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्नको लागि इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी संस्था, निजी फर्म तथा उद्यमीहरुलाई निवेदन पेश गर्न (७-१५) दिने म्याद दिई अनुसूची (१) बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) उपदफा (२) खण्ड (क) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले सूचनामा भए बमोजिमको अनुसूचि (२) को (ख) र (ग) अनुसारको कागजातसहित अनुसूचि (५) र (६) को ढाँचामा विवरण भरी दिएको म्यादभित्र यस माथागढी गाउँपालिकाको वडा कार्यालयमा वा कृषि समन्वय ईकाईमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ग) उपदफा (२) खण्ड (ख) बमोजिमका कार्यालयमा दर्ता हुन आएका निवेदनहरु म्याद समाप्त भएको भोलिपल्ट माथागढी गाउँपालिकाको आर्थिक विकास शाखा अर्न्तगतको कृषि समन्वय इकाईमा जानकारी गराई प्रस्ताव सहित सम्पूर्ण कागजातको सक्कल फाइल ७ दिन भित्र यस कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

**७.प्रस्ताव मुल्याङ्कन तथा सामग्री वितरण :**

१) कृषि यन्त्रको लागि पेश भएका पस्तावहरुको अनुसुचि १० र ११ मा तोकिएका आधार बमोजिम मुल्याङ्कन समितिले मुल्याङ्कन गरी अनुदान व्यावस्थापन समितिमा सिफारिश गर्नेछ । यस कार्यका लागि मुल्याङ्कन समितिले आवश्यकता अनुसार कम्तीमा अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा एक मुल्याङ्कन उपसमिति गठन गरी कार्य गराउन सक्नेछ ।

(२) अनुदान व्यावस्थापन समितिले पेश भएको मुल्याङ्कन प्रतिवेदन अध्यन गरी अनुदानमामा कृषि यन्त्र प्रदान गर्नको लागि स्वीकृत गर्नेछ ।

(३) स्वीकृत कृषि यन्त्रको अनुदानको विवरण तथा सामग्री आपुर्तिकर्ताको विवरण यस कार्यालयको वेबसाईटमा राखिनेछ ।

(४) उक्त विवरण अनुसार अनुदानग्राहीहरुले आफूलाई पायक पर्ने आपुर्तिकर्ताबाट आफ्नो तर्फबाट व्यहोर्ने रकम तिरी कृषि यन्त्र अनुदानमा लैजान सक्नेछन् ।

**८.अनुदान रकम भुक्तानी प्रक्रिया :** (१) अनुदानको रकम भुक्तानी गर्दा आपुर्तिकर्ताले देहाय बमोजिमको प्रक्रिया पुरा गर्नृपर्नेछ ।

(क) आपुर्तिकर्ताले उपभोक्तालाई अनुदानमा वितरित गरिएका सामाग्री बुझेको भरपाई स्पेशिफिकेशन, मुल्य र सामाग्री वितरणको फोटो तथा सम्बन्धित उपभोक्ताको सिफारिस र कार्य सम्पन्न प्रतिवेदन सहित अनुदान रकमको लागि गाउँ कार्यपालिकाको कार्यालयमा अनुसुचि-८ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(ख) आपुर्तिकर्ताले पेश गरेको विवरणको आधारमा गाउँ कार्यपालिकाको कार्यालयद्धारा अनुसुची ९ बमोजिम अनुगमन भई अनुगमनको प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ ।

(ग) यसरी यान्त्रिकरणमा दिइने रकमको भुक्तानी गाउँ कार्यपालिकाको कार्यालयबाट आपुर्तिकर्ताको बैंक खातामा सिधै दिइने छ भने उपभोक्ताले व्यहोर्ने रकम सम्बन्धित उपभोक्ताले स्वयम् आपुर्तिकर्तालाई दिनु पर्नेछ ।

(घ) यसरी दिइएको अनुदान प्राप्तं (मेसिनरी ) यन्त्रमा उपभोक्ताले अनुसुचि १२ अनुसार गाउँपालिकाबाट अनुदान प्राप्त भनि स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ङ) गाउँपालिका वा मातहतको कार्यालयले संलग्न कागजातहरु जाँच गरी मुल्याङ्कन समितिको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ । कार्यक्रमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आय कर कट्टा गरी भुक्तानी गरिनेछ ।

(२) उपभोक्ताको हकमा देहायबमोजिम प्रक्रिया हुनेछ ।

(क) दफा ७ उपदफा (३) बमोजिम गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिएका अनुदानग्राहीले छनौट भएका आपुर्तिकर्तामध्ये आफुलाई पार्यक पर्ने आपुर्तिकर्ताबाट अनुदानमा सामग्री लिन सक्नेछन् ।

(ख) सामाग्री उपलब्ध गराउदा आपुर्तिकर्ताले अनुदान ग्राहीको विस्तृत विवरण सहितको लगत राख्नुपर्नेछ ।

(ग) आपुर्तिकर्ताले अनुदान ग्राहीबाट अनुसुची ७ बमोजिमको सिफारिस पत्र प्राप्त गरी भुक्तानीका लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) भुक्तानीसम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ ।

**९. दोहोरो हुनेगरी अनुदान प्रवाह नगरिने :** प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको कार्यक्षेत्रभित्र दोहोरो हुनेगरी मेसिनरी औजार उपकरणमा अनुदान दिईने छैन ।

**१०. आपुर्तिकर्ताले पालना गर्नुपर्ने शर्तहरु :**कार्यक्रम कार्यान्वयनका लागि आपुर्तिकर्ताले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) आपुर्तिकर्ताले कृषि यन्त्र विक्रि वितरणका लागि गाउँपालिकाले माग गरेको सूचना बमोजिमको अनुसुचि ३ अनुसारको दररेट प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ख) आपुर्तिकर्ताले यस गाउँपालिकासंग कृषि यन्त्र तथा उपकरण अनुदानमा प्राप्त गर्नको लागि सम्झौता पत्रमा हस्ताक्षर गनुपर्नेछ ।

(ग) उपभोक्तालाई गुणस्तरीय कृषि यन्त्र उपकरण माग गरिएको समयमा नै उपलब्ध गराउनुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(घ) आपुर्तिकर्तालाई सम्बन्धित उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको भरपाई गाउँपालिका स्थित कार्यालय मातहतका कार्यालयको सिफारिसको आधारमा भुक्तानी दिइने छ ।

**११.उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु :**कार्यक्रम कार्यान्वियनका लागि उपभोक्ताले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा, व्यावसायमा संलग्न भएको हुनुपर्नेछ ।

(२) ठुलो ट्याक्टर, कम्बाइन हार्भेष्टर, साना कृषि मेसिनरी औजारहरु पावर टिलर, मिनीटिलरमा र सहायक यन्त्र आदिमा (एटयाचमेन्ट) न्युनतम ५० प्रतिशतले हुंन आउने रकम कृषकले स्वयं व्यहोर्नुपर्नेछ ।

(३) सहायक यन्त्र औजार नलिने वा ट्याक्टर मात्र लिने उपभोक्तालाई अनुदान दिईने छैन ।

(४) तर उपदफा ३ मा जुनसुकै कुरा लेखिएता पनि ठुला ट्रयाक्टर, पावर टिलर पहिले नै भएको अवस्थामा सहायक यन्त्रहरु अनुदानमा लिनको लागि कुनै बाधा पर्ने छैन ।

(५) अनुदान प्राप्त गर्ने समुहका सदस्यले आफ्नो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(६) अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमै प्रयोग गर्नुपर्नेछ ।

(७) अनुदानमा प्राप्त यन्त्र तथा उपकरणहरुलाई कृषि कार्यमा प्रयोग गर्ने तथा आफ्नो समुह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ ।

(८) अनुदानमा प्राप्त (मेसिनरी) यन्त्र उपकरणहरु कम्तिमा पाँच बर्षसम्म अरुलाई विक्रि वितरण गर्न पाईने छैन ।

## परिच्छेद ३
## समितिसम्बन्धी व्यवस्था

**१२. निर्देशक समिति :** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि आवश्यक निति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्षय- संयोजक

ख) उपाध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) वडा अध्यक्ष मध्येबाट १ जना- सदस्य

ङ) कार्यपालिका महिला सदस्य - १ जना- सदस्य

च) कृषि /पशु शाखा हेर्ने कर्मचारी - सदस्य सचिव



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशन समितिले कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यावस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**१३. अनुदान व्यवस्थापन समिति :** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) कृषि शाखा हेर्ने कर्मचारी- सदस्य

ग) आर्थिक प्रशासन शाखा कर्मचारी- सदस्य

घ) प्रशासन शाखा हेर्ने कर्मचारी- सदस्य

घ) योजना अनुगमन शाखा हेर्ने कर्मचारी- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य, र अधिकार : यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) मूल्याङ्कन समितिबाट मुल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सीमा तोक्न सक्नेछ ।

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ ।

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुन : मुल्याङ्कन गर्नका लागि मुल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

**१४.मूल्याङ्कन समिति :** (१) यस कार्यविधि बमोजिम अनुदानमा कृषि यन्त्र प्राप्त गर्नको लागि पेश भएका निवेदन तथा प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी- सदस्य

(ख) कृषि शाखा कर्मचारी - सदस्य

(ग) आर्थिक प्रशासन शाखा कर्मचारी- सदस्य

(घ) प्रविधिक शाखाको कर्मचारी- सदस्य

(ङ) योजना तथा अनुगमन शाखा- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता हुन आएका दररेटहरुको मूल्याङ्कन गरी मेशिनरी औजारको दररेट कायम गरी सूचना प्रकाशन गर्ने ।

(ख) कृषि यन्त्र उपकरणहरु आपुर्तिकर्ताबाट छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसुची ३ अनुसार दररेट प्रस्ताव पेश गरेका यन्त्र उपकरणहरुको किसिम , क्षमता, मोडेल, ब्राण्ड, र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्युनत्तम मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपुर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, म्याद भित्र दर्ता भई प्राप्त हुन आएका प्रस्तावहरु चेकलिस्ट अनुसार जाँच गरी सूचि तयार तथा सर्टलिस्टिङ गर्ने ।

## परिच्छेद-४
## विविध

**१५. अनुगमन :** संचालित कार्यक्रमहरुको गाउँपालिका तथा माताहतका कार्यालयहरु मार्फत नियमित रुपमा अनुगमन गरिनेछ ।

**१६. कार्यविधिको परिमार्जन :** यस कार्यविधिको संसोधन परिमार्जन यसै गाउँपालिकाले आवश्यकता अनुसार गर्न सक्नेछ ।

**१७. प्रचलित कानुन लागु हुने :** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै बमोजिम र यस कार्यविधिमा नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

**१८. अन्तिम व्याख्या :** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## अनुसूची - १

**(क) कृषि यान्त्रिकरणमा अनुदान कार्यक्रको लागि आपुर्ति कर्ताबाट दररेट प्रस्ताव आव्हानसम्बन्धी सूचनाको ढाचा**

प्रथम पटक प्रकाशित मिति :

यस गाउँपालिकाको आ.व............ को बार्षिक कार्यक्रमअनुसार यस गाउँपालिकाभित्रका कृषकहरुलाई कृषि यन्त्र अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले आपुर्ति गर्न ईच्छुक कम्पनि /डिलर /फर्म तथा आपुर्तिकर्ताले आवश्यक विवरण सहितको दररेट यो सूचना प्रकाशन भएको मितिले .........दिन भित्र यस गाउँपालिकामा आइपुग्ने गरी पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ । यससंग सम्बन्धित आवेदनको ढाँचा, कृषि यन्त्रका किसिम लगायतका पेश गर्नु पर्ने पर्ने आवश्यक कागजात सम्बन्धि विस्तृत जानकारी यस गाउँपालिकाको website: mathagadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**१(ख). कृषि यन्त्रमा अनुदान लिनको लागि कृषक /कृषक समुह /सहकारी /निजी उद्यमी/फर्म उपभोक्ताहरुको लागि निवेदन पेश गर्ने सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति : .........................

यस गाउँपालिकाको आ.व. ..........को बार्षिक कार्यक्रमअनुसार यस गाउँपालिकाभित्रका कृषकहरुलाई कृषि यन्त्र ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले आपुर्ति गर्न ईच्छुक कम्पनि /डिलर /फर्म उपभोक्ताहरुले अनुसुची -२ (ख) र (ग) बमोजिमको आवश्यक कागजातसहित अनुसुची ४ अनुसारको निवेदन यो सूचना प्रकाशन भएको मितिले ..... दिन भित्र यस गाउँपालिकाको वडा कार्यालयहरुमा आइपुग्ने गरी निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । यस संग सम्बन्धित निवेदनको ढाँचा, कृषि यन्त्रका किसिम तथा अनुदानमा कृषि यन्त्र माग गर्न मिल्ने आधारहरुको जानकारीको लागि यस गाउँपालिकाको website: mathagadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची - २

### आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

**(क) कृषि सामाग्री आपुर्तिकर्ताहरुको लागि**

कृषि यान्त्रिकरणको दररेटको लागि आवश्यक कागजात

१. व्यवसाय दर्ता प्रमाण पत्र, नविकरण सहितको प्रमाणित प्रतिलिपि ।

२. संस्थाको PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. लेखा परीक्षण, गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

४.आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

५. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाणपत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

६. कृषि औजार उपकरणको specification खुल्ने catalogs र leaflets

७. कृषि यान्त्रिकरण सम्बन्धि दररेट अनुसारको अनुसुचि ३ को विवरण तयार गरी प्रत्येक पाना प्रमाणित गरेको हुंनुपर्नेछ ।

८.सम्भव भएसम्म बुझिने भाषामा आधिकारिक टेस्ट सर्टिफिकेटको (test certificate) प्रमाणित प्रतिलिपि

**(ख) कृषक समूह तथा उपभोक्ताको लागि**

१. कृषक समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. समुहको निर्णय प्रतिलिपि ।

३. समुह अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

४.अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

५. यदि समुहको कुनै सदस्यले एकल रुपमा सामाग्री लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

६. मेशिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धित तालिम भए सो प्रमाण पत्रको प्रतिलिपि ।

७. अनुसुचि ३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपुर्जाको विवरण सहितको प्रतिलिपि ।

**(ग) कृषि सहकारी संस्था /निजि फर्म/कृषि उद्यमी उपभोक्ताको लागि**

१.संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

२.संस्था नविकरणको प्रमाणप्रत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने ।

३.संस्थाको PAN/VAT प्रमाणपत्रको प्रतिलिपि ।

४. लेखा परीक्षणको प्रमाणित प्रतिलिपि ।

५. गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

६.संस्थाको निर्णय प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ बर्ष) प्रमाणहरु सहित पेश गर्नुपर्नेछ ।

१०. अनुसुचि ३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपुर्जाको विवरणसहितको प्रतिलिपि ।

## अनुसूची - ३

## प्रस्ताव दररेट फारम

१) फर्मको नाम : ...............................................................................................

२) कार्यालयको ठेगाना : ......................................................................................

सम्पर्क नं : ......................................................................................................

ईमेल : ............................................................................................................

३) आधिकारिक व्यक्तिको नाम : .........................................................................

पद : ..............................................................................................................

सम्पर्क नं. ......................................................................................................

ईमेल : ...........................................................................................................

४) फर्म रजिष्ट्रेशन नं. .......................................................................................

५) रजिष्ट्रेशन गर्ने कार्यालय : ..............................................................................

६) फर्म दर्ता मिति : ...........................................................................................

७) PAN/VAT रजिष्ट्रेशन नं. ................................................................................

८) व्यापारको किसिम/उद्देश्य : ...............................................................................

९) उपलब्ध गराउन सक्ने सामाग्री र कोटेशन मूल्य : ...............................................

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

| क.कृषि तर्फ धान, गहु, मकै, आलु, तरकारी आदि बालीको लागि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | कृषि मेशिनरी , औजार उपकरणहरुको नाम | ब्राण्ड | मोडल | एकबर्षमा आपुर्ति गर्न सक्ने विवरण | मूल्य अंकमा रु. | मूल्य अक्षरमा रु. | कैफियत |
| १ | थ्रेसर | | | | | | |
| २ | पोटेटो प्लान्टर | | | | | | |
| ३ | पोटेटो डिगर | | | | | | |
| ४ | पावर स्प्रेयर | | | | | | |
| ५ | फर्टिलाइजर | | | | | | |
| ६ | सिड ड्रिल | | | | | | |
| ७ | मिनि टिलर अधिकतम ९ एच.पि. सम्म मात्र | | | | | | |
| ८ | राइप्लान्ट प्लान्टर | | | | | | |
| ९ | च्यापकटर | | | | | | |
| १० | पि.एच.मिटर | | | | | | |
| ११ | मिल्क एनालाइजर | | | | | | |
| १२ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरण | | | | | | |
| १३ | मिनि कुटानी पिसानी मिल | | | | | | |
| १४ | डिजिटल तराजु | | | | | | |
| १५ | अन्य केही भएमा आपूर्तिकर्ताले पेश गर्ने | | | | | | |

फर्म तथा संस्थाको छाप

(आधिकारिक व्यक्तिको दस्तखत्)

नम : ..............................................................................

पद : ...............................................................................

फर्मको नाम : ..................................................................

ठेगाना : .........................................................................

अनुसूची- ४



प्रमुख प्रशासकीय अधिकृत

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरुको विवरण र वितरणको मापदण्डहरु

| क.कृषि तर्फ धान, गहु, मकै, आलु, तरकारी आदि बालीको लागि | | | | |
|---|---|---|---|---|
| सि.न | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | Specification | अनुदान रकम (गा.पा) मा | कैफियत |
| १ | थ्रेसर | | ५०% | |
| २ | पोटेटो प्लान्टर | | ५०% | |
| ३ | पोटेटो डिगर | | ५०% | |
| ४ | पावर स्प्रेयर | | ५०% | |
| ५ | फर्टिलाइजर | | ५०% | |
| ६ | सिड ड्रिल | | ५०% | |
| ७ | मिनि टिलर अधिकत्तम ९ एच.पि. सम्म मात्र | | ५०% | |
| ८ | राइस प्लान्टर | | ५०% | |
| ९ | च्यापकटर | | ५०% | |
| १० | पि.एच.मिटर | | ५०% | |
| ११ | मिल्क एनालाइजर | | ५०% | |
| १२ | कम्पोष्ट मल बनाउने यन्त्र उपकरण | | ५०% | |
| १३ | मिनि कुटानी पिसानी मिल | | ५०% | |
| १४ | डिजिटल तराजु | | ५०% | |
| १५ | अन्य केही भएमा आपूर्तिकर्ताले पेश गर्ने | | ५०% | |

नोटःमाथि उल्लेखित बाहेकका कृषि र पशुपन्छी क्षेत्रको आधुनिकिकरण र व्यावसायिकताको लागि चाहिने अन्य मेशिनरी यन्त्र उपकरणहरुको हकमा पनि यसै कार्यविधि अनुरुप हुनेछ।

अनुसूची-५

प्रमुख प्रशासकीय अधिकृत

## अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदन ढाँचा

श्री मान् गाउँपालिका प्रमुख ज्यू

मिति :

.....................

माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा ।

विषय : कृषि यन्त्र उपकरण अनुदान उपलब्ध गराई पाउँ ।

प्रस्तुत विषयमा मलाई/हामीलाई धान,गहु,मकै,आलु,तरकारी आदी खेती वा मत्स्य उत्पादन वा अन्य .................. कार्यमा उपयोग गर्नको लागि कृषि यान्त्रिकरण अनुदान कार्यक्रम कार्यन्वयन कार्य विधि २०७६ अनुसार मन्त्रालयको मिति ......................... को प्रादेशिक दैनिक पत्रिका र माथागढी गाउँपालिका कृषि समन्वय ईकाई मा टाँस गरिएको सूचनाको आधारमा आवश्यक परेको कृषि यन्त्र उपकरणहरु अनुसूची ५ बमोजिमको प्रस्ताव तयार गरि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरि अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउनको लागि यो निवेदन पेश गरेको छौ/छु ।

संलग्न कागजात :

निवेदक :
नाम :
ठेगाना :
मोवाईल नं. :
समुह/संस्थाको नाम :
पद :
समूह/संस्थाको छाँप :

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

## अनुसूची-६

(प्रस्तावको ढाँचा)
प्रदेश नं. ५
माथागढी गाउँपालिका गाउँ कार्य पालिकाको कार्यालय
झडेवा, पाल्पा

पासपोर्ट साईजको कान देखिने फोटो

### कृषि यन्त्र उपकरण अनुदानमा लिनको लागि उपभोक्ताले भर्ने फारम

क) उपभोक्ताको विवरण :

१. नाम : .................................... नागरिकता प्र.प.नं. ........................ र जारि मिति ..............

२. संस्था दर्ता नं. ................................ दर्ता मिति ........................ दर्ता निकाय : .....................

३. स्थायी ठेगाना : जिल्ला : ................ गा.पा/न.पा .................... वडा नं. ........... टोल .............

४. हालको ठेगाना : जिल्ला : ................ गा.पा/न.पा ................ वडा नं. .......... टोल .............

५. सम्पर्क : मोबाईल नं................................. फोन नं. ...................... इमेल .........................

६. सम्पर्क व्यक्तिको नाम : ......................... पद ........... मोबाईल नं. .................. इमेल ...........

७. सदस्य संख्या : महिला .............. पुरुष .......... दलित ............. जनजाति ...............अन्य .......

८. लाभांवित कृषक संख्या : प्रत्यक्ष ................. अप्रत्यक्ष ................

९. प्राप्त गर्न चहेको कृषि यन्त्रहरुको विवरण :

| सि.नं. | सम्भाव्य आपुर्तिकर्ता फर्मको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर/साईज | कुल मुल्य रु | कृषकले वेहोर्ने रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१०. प्राप्त कृषि यन्त्रहरु उपयोग अवस्था :

| सि.नं. | वाली | क्षेत्रफल (विघा/कठ्ठा/रोपनी) | अन्य खुलाउने |
|---|---|---|---|
| | | | |
| | | | |



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

११. माग गरिएको अन्य उपकरणहरु माग गर्नुको औचित्य/कारण
.............................................................................................................................................
.............................................................................................................................................
.............................................................................................................................................

१२. उत्पादित कृषिजन्य वस्तुहरुको सम्भावित वजार तथा खपतको अवस्था

१.

२.

३.

१३. कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएर अनुदान वाहेकको नगद रकम तिरि कार्यकममा संलग्न हुन सहमत छु/छौ।

माथि पेश गरेको विवरण ठिक साँचो छ झुठा भएमा कानुनी कारवाहि भएमा राजि छु/छौ। मलाई/हामीलाई गाउँपालिका बाट व्यवस्था भए वमोजिको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौ।

संस्थाको छाँप

निवेदकको नाम :
सहि :
मिति :
औठा छाँप :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-७

## उपभोक्ता/समुह/सहकारी संस्थाबाट गरिने सिफारिस पत्रको ढाँचा

श्री गाउँपालिका प्रमुख ज्यू
माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा,पाल्पा ।

मिति : ..............

विषय : अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस गरेको वारे ।

प्रस्तुत विषयमा जिल्ला पाल्पा माथागढी गाउँपालिका वडा नं. .......... बस्ने उपभोक्ता ......................... ले यस श्री ....................................... समुह/सहकारी/फार्ममा आवद्ध रहनु भएको र निजले श्री ....................................... कम्पनि/फार्म/प्रा.ली. बाट तपशिलमा उल्लेखित यन्त्र उपकरणहरुको अनुदान बाहेको रकम तिरी खरिद गरी लिइ सकेको हुदा अनुदान रकम रु. ......................... अक्षरुपी ....................................... निज आपुर्तिकर्तालाई भुक्तानी दिनुहुन भनी सिफारिस साथ अनुरोध छ ।

तपशिल :

| क.स. | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

उपभोक्ताको नाम :
अध्यक्षको नाम :
दस्तखत :
समुह/संस्थाको नाम :
मिति :
ठेगाना :
दस्तखत :
मिति :
संस्थाको छाँप :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-८

**अनुदान रकम भुक्तनी आवेदन फारम**
**कृषि यन्त्र उपकरण आपुर्तिकर्ताको लागि**

श्री मान् गाउँपालिका प्रमुख ज्यू
............................ मिति :

माथागढी गाउँपालिका गाउँ कार्य पालिकाको कार्यालय
झडेवा,पाल्पा

विषय : अनुदान रकम भुक्तानी पाउँ बारे ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको च.नं. .......... मिति ..................को कार्य आदेश अनुसार मेरो ............................ फर्मबाट तपशिलमा उल्लेखित यन्त्र उपकरणहरु तपशिलका कृषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ताले तपशिल बमोजिमको सामाग्री खरिद गरी कृषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ताको तर्फबाट व्यहोर्ने नगद रकम भुक्तानी गरि सामाग्री लगीसकेको हुनाले यस गाउँपालिका बाट दिनु पर्ने अनुदान रकम रु .................. अक्षरुपी .................................. भुक्तानी पाउँ भनी आवश्यक कागजात यसै निवेदन साथ संलग्न राखीपेश गरेको छु ।

तपशिल :

| क.स | कृषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ता | ठेगाना | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

संलग्न कागजातहरु
१. कृषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ताले सामाग्री बुझेको भरपाई ........थान
२. सामाग्रीको वील ...................... थान
३. सामाग्री वितरणको फोटो
४. सम्वन्धित गाउँपालिकाको वडाहरुको सिफारिस पत्र

आपुर्तिकर्ताको नाम :

फर्म/संस्थाको
नाम :
ठेगाना :
दस्तखत:
मिति :

संस्थाको छाँप

१७
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

अनुसुची - ९

मिति :

......................................
माथागढी गाउँपालिकाको, कार्यालय
झडेवा, पाल्पा ।

विषय : अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आपुर्तिकर्ता श्री .........................................................ले तपसिलमा उल्लेखित यन्त्र उपकरणहरु तपशिल बमोजिमका कृषकहरुलाई अनुदान बाहेकका रकम बुझिलिई बिक्री वितरण गरेको हुनाले अनुदान रकम भुक्तानीको लागि सिफारिस साथ अनुरोध छ ।

तपशिल:

| क्र.स | कृषक समुह /कृषि सहकारी/निजी फर्म उपभोक्ता | ठेगाना | यन्त्र उपकरणको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोर्ने रकम रु. | अनुदान पाउनुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

कृषि शाखा प्रमुखको नाम :
पद :
सहि :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१०

### स्थलगत प्रमाणिकरणका आधार (फारम)

१. कृषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ताको नाम :
२. ठेगाना :
३. समुह/सहकारी/फर्मको नाम :
४.सम्पर्क व्यक्तिको नाम :
५. ठेगाना :
६. लगानी उपक्षेत्रको विषय :

| क.स | मूल्याङ्कन आधार सूचक | अवस्था | | कारण उल्लेख गर्ने |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | छ | छैन | |
| २ | उपभोक्ताको समुह/सहकारी सक्रियता - नियमित बैठक आदि) | सक्रिय | निश्क्रिय | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | एकल | समुह | |
| ४ | खेती गर्ने बालीको विवरण | खाद्यान्न, दलहन, तरकारी, फलफूल | | |
| ५ | जग्गाको विवरण | | | |
| ६ | एपभोक्ता/समुह/सहकारीले उत्पादन गरेको बस्तुहरुको बजार अवस्था | | | |
| ७ | समुह/सहकारीको समावेसी र सामाजिक विवरण | | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | | | |
| ९ | भौतिक पूर्वाधार (सिचाई,सडक, विद्युत आदि) | | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | | | |

प्रमाणिकरण गर्नेको नाम :
पद :
सहि :
कार्यालय :

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

अनुसूची-११

मूल्याङ्कनको लागी आधार (फाराम)

१. कषक समुह/कृषि सहकारी/निजि फर्म उपभोक्ता नाम :

२. ठेगाना :

३. सम्पर्क ब्याक्तिको नाम :

४. लगानी उपक्षेत्रको विषय :

| क्र.स | मूल्याङ्कनको लागी आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | यन्त्र उपकरण माग गरेको औचित्य | १० | | |
| २ | उपभोक्ताको समुह/सहकारी सक्रियता | २० | | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | १० | | |
| ४ | खेती गर्ने बालीको विवरण | २० | | |
| ५ | जग्गाको विवरण | १० | | |
| ६ | उपभोक्ता/समुह/सहकारीले उत्पादन गरेको वस्तुहरुको बजार अवस्था | १० | | |
| ७ | समुह/सहकारीको समावेसी र सामाजिक विवरण | १० | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | १० | | |
| | जम्मा | १०० | | |

नोट : १० मा (सामान्य भए ४, मध्यम भए ६ र उत्तम भए १० प्रदान गर्ने)

:२० मा (सामान्य भए ८, मध्यम भए १२ र उत्तम भए २० प्रदान गर्ने)

अनुसूची-१२

**अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा**

**माथागढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**झडेवा, पाल्पा**
**५ नं. प्रदेश, नेपाल**
**५० प्रतिशत अनुदान प्राप्त**
**आ.व. :**

आपुर्तिकर्ता : ............

**प्रमाणिकरण गर्नेको:-**
**दस्तखत:**
**नाम,थर: दीपककुमार नेपाली**
**पद: प्रमुख प्रशासकीय अधिकृत**
**पाना संख्या:२० (बीस)**
**मिति: २०७६।०६।१२**

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner